स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३ (बङ्गाँडा ,प्यूठान ,फागुन २ गते ,२०७६ साल संख्य ११)

# भाग-२

# सरुमारानी गाउँपालिका

## सरुमारानी गाउँपालिकाको शिक्षा नीति –२०७६

सरुमारानी गाउँपालिकाले गुणस्तरीय शिक्षा मार्फत गाउँबासीको जीवन स्तरलाई सुधार गरी सुखी र सम्पन्न नागरिक बनाउनका लागि शिक्षा नीति २०७६ निर्माण गरी लागु गर्ने निर्णय गरेको छ ।

**पहुँचका लागि**

- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई सक्रिय एवं क्रियाशिल बनाईनेछ ।
- बालविकास उमेर समूहका सबै बालबालिकालाई बालविकास कार्यक्रममा सहभागी गराइनेछ ।
- विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गरी गुणस्तरीय शिक्षा प्रदान गरिने छ ।
- साहारा बिहीन बालबालिकालाई आवासीय विद्यालय बनाइनेछ वा आवश्यकता अनुसार अन्यत्र भएका विद्यालयमा पठाउने प्रबन्ध गरिनेछ ।

**गुणस्तरका लागि**

- शिक्षक तथा कर्मचारीहरुलाई परिणाममुखी, उत्तरदायी र पेशागत रुपले सक्षम बनाइनेछ ।
- शिक्षा समितिको नेतृत्वमा उप समितिहरु बनाई प्रति महिना विद्यालयको अनुगमन गरी तदनुसार शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी र कर्मचारी पुरस्कृत गर्ने, सघाउने र गुणस्तर सुनिश्चित गर्ने प्रबन्ध मिलाइने छ ।
- विद्यार्थीलाई पढाईबाट सिकाईमा रुपान्तरण गर्ने व्यवस्था मिलाइनेछ ।
- बालबालिकाहरुको विद्यालयमा निरन्तरताका लागि मासिक रुपमा हाजिरिको लेखाजोखा प्रणालीको अवलम्बन गरिनेछ ।
- साप्ताहिक रुपमा शिक्षकले, मासिक रुपमा प्रधानाध्यापकले र त्रैमासिक रुपमा गाउँपालिकाले विद्यार्थीको मूल्यांकन गरी उपचारात्मक शिक्षण प्रद्धति अवलम्बन गरिनेछ ।

**अभिभावक परिचालनका लागि**

- प्रत्येक विद्यालयले अभिभावक शिक्षा कार्यक्रम संचालन गर्नेछन् ।

- अभिभावकहरुलाई पालो अनुसार विद्यालयमा ल्याउने तथा अन्य कार्यमा सघाउने प्रवन्ध मिलाइने छ ।

**निजी विद्यालयको व्यवस्थापनका लागि**

- लगानीको संरक्षण गर्दै निजी विद्यालयहरुलाई अनुगमन र नियमन गरी उनीहरुलाई सेवामुखी बनाइनेछ ।

**दलित, विपन्न र अपांगता भएका वालवालिकाको लागि**

- दलित, अपांगता भएका र विपन्न विद्यार्थीहरुलाई उच्च शिक्षा सम्म निःशुल्क पठनपाठनको व्यवस्था मिलाउनका लागि गाउँपालिकामा कोष खडा गर्न सकिनेछ ।

**मातृभाषामा शिक्षा दिनका लागि**

- मातृभाषा तथा लिपिको संरक्षण, मातृभाषामा शिक्षा, मातृभाषाको शिक्षा तथा मातृभाषा मार्फत शिक्षाको प्रबर्द्धन क्रमशः गरिनेछ ।

**वाल स्वास्थ र सुरक्षाका लागि**

- स्वास्थ्य केन्द्र, हेल्थपोष्ट, आदिको सहकार्यमा प्रत्येक ३ महिनामा विद्यार्थीको स्वास्थ्य परीक्षण गर्ने प्रबन्ध मिलाइनेछ ।

**साक्षरता र आजीवन शिक्षाका लागि**

- हाल रहेका सामुदायिक सिकाई केन्द्रलाई व्यवस्थित एबं प्रभावकारी ढंगले संचालन गरिनेछ। आवश्यकताका आधारमा थप सामुदायिक सिकाई केन्द्रहरुको विस्तार गरिनेछ
- आगामी दुई वर्षमा सबैलाई साक्षर बनाउँदै आजीवन शिक्षाका लागि प्रत्येक वडामा पुस्तकालय र उलपब्ध सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गरिनेछ। प्रत्येक वडामा कम्तिमा एउटा पुस्तकालय सहितको बाल उद्यान निर्माण गरिनेछ ।

**व्यवहारिक, वैज्ञानिक तथा व्यवसायिक शिक्षाका लागि**

- स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय विज्ञको सहयोगमा माध्यमिक तह सम्मको शिक्षा प्रविधियुक्त, सीपयुक्त, निशुल्क, बालमैत्री र समावेशि गराइनेछ ।

- परम्परागत सीपहरुको आधुनिकिकरण गर्दै त्यसमा भएका ज्ञान तथा सीपहरुको अध्ययन गरी पठनपाठन गर्ने प्रबन्ध मिलाइनेछ। परम्परागत सीपलाई स्थानीय पाठ्यक्रम सँग समायोजन गरिने छ।
- स्थानीय तहमा उपलब्ध सिप युक्त व्यक्ति वा संस्थाको सहयोगमा इच्छुक विद्यार्थीहरुलाई सीप सिकाउने तथा उद्यमीकरण गर्न प्रवन्ध मिलाइने छ ।

**लगानीका लागि**

- शिक्षा क्षेत्रको विकासका लागि प्रयाप्त रकम लगानी गरिनेछ ।
- बैचारिक भिन्नताका विषयमा संवाद गरी विद्यालयलाई शान्ति क्षेत्र बनाइनेछ ।

**भौतिक पुर्वाधारका लागि**

- शिक्षक, प्र.अ., विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति र गाउँपालिका सबैको सहकार्यमा सबै विद्यालयमा पुस्तकालय र प्रयोगशालाको व्यवस्था गरिनेछ ।
- विद्यालयहरुको भौतिक पुर्वाधार निर्माण गर्दा भुकम्प प्रतिरोधी बनाइनेछ। विपदबाट बच्नका लागि बालबालिकाहरुलाई नमूना अभ्यास गराइनेछ ।
- भौतिक पुर्वाधार निर्माण सम्बन्धी आयोजनाहरुमा स्थानीय समुदायको सहभागीमा जोड दिईनेछ ।